**अनुसूची- २**

(दफा४तथा अनसूची-१को भाग-२ सँग सम्बन्धित)

जननी जन्मभूमिश्च स्वर्गादपि गरीयसी

देउमाई नगरपालिका

# स्थानीय राजपत्र

खण्ड ३ संख्या ३.१ मिति: २०७६/०८/०५

**भाग-२**

**देउमाई नगरपालिका**

# नगर खेलकुद संचालन कार्यविधि, २०७६

देउमाई नगरपालिका

# देउमाई नगरपालिका
# नगर खेलकुद संचालन कार्यविधि, २०७६

कार्यपालिकाबाट स्वीकृत मितिः २०७६ मंसिर ५

नगरसभाबाट अनुमोदन मितिः२०७७.०३.१०

प्रस्तावना :

खेलकुदको माध्यमबाट समाजमा अनुशासन र सामाजिक सद्भाव कायम राखि युवाहरुलाई धुम्रपान, मध्यपान, लागु पदार्थ सेवानको कुलत बाट जोगाई सु ससकृत समाजको निर्माण गर्न देशको सार्वभौमिकता रक्षागर्न स्वास्थ्य प्रतिस्प्रर्धाको भावाना जागृत गराई परिश्रम र परिवर्तन सचेत स्वास्थय नागरिक बनाउन, राष्टिय, अन्ताराष्ट्रिय क्षेत्रमा ख्याती आर्जन गर्ने उद्धेश्यलाई मुर्त रुप दिन वाञ्छनिय भएकोले देउमाई नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ बमोजिम देउमाई नगरकार्यपालिकाले मितिः२०७६ मंसिर ५ को निर्णय अनुसार देउमाई नगरपालिका नगर खेलकुद संचालन सम्बन्धी कार्यविधि,२०७६ बनाइएको छ ।

## <u>परिच्छेद १</u>
## नाम र परिभाषा

१. संक्षिप्त नाम र प्रारम्भ : यो कार्यविधिको नाम ‘‘देउमाई नगरपालिका नगर खेलकुद संचालन सम्बन्धी कार्यविधि २०७६” रहनेछ । र यो कार्यविधि राजपत्रमा प्रकाशन भएको मितिदेखी लागु हुनेछ ।

२. परिभाषा : विषय वा प्रशंगले अर्को अर्थ नलागेमा यस कार्यविधीमा

क) ‘‘कार्यविधि’’ भन्नाले देउमाई नगरपालिका नगर खेलकुद सम्बन्धि कार्यविधि २०७६’’ सम्झनुपर्छ ।

ख) ‘‘नगर खेलकुद विकास समिति’’ भन्नले नगर कार्यपालिकाको बैठकबाट गठित नगर खेलकुद विकास समिति भन्ने सम्झनुपर्छ ।

ग) नगर खेलकुद समिति भन्नाले नगर कार्यपालिकाबाट गठित नगर खेलकुद समिति भन्ने सम्झनुपर्छ ।

घ) ‘‘टिम,क्लब संघ संस्था’’ भन्नाले देउमाई नगरपालिकाबाट तोकिए बमोजिम दर्ता भएका देउमाई नगर क्षेत्र भित्रका टिम,क्लब र संघ संस्थाहरु भन्ने सम्झनु पर्छ ।

ङ) ‘‘खेलाडी’’ भन्नाले टिम,क्लब, संघ संस्था सम्बद्ध खेलाडी भन्ने सम्झनु पर्छ ।

च) प्रशिक्षार्थी भन्नाले देउमाई नगरपालिकाद्धारा संचालित खेलकुद प्रशिक्षणमा सहभागी खेलाडी, टिम, क्लव, संघ संस्थामा सम्बद्ध सिकारु खेलाडी भन्ने. सम्झनु पर्छ ।

छ) प्रशिक्षक भन्नाले देउमाई नगरपालिकाद्धारा संचालीत खेलकुद प्रशिक्षणमा सहभागी प्रशिक्षक, टिम, क्लव,संघ संस्था खेल प्रशिक्षणम सम्बद्ध विषयगत खेलकुद प्रशिक्षक भन्ने सम्झनु पर्छ ।

ज) प्रशिक्षण समिति भन्नाले नगर खेलकुद विकास समिति अर्न्तगत देउमाई नगरपालिका क्षेत्र भित्र विषयगत खेल प्रशिक्षणका लागि गठित समिति भन्ने सम्झनु पर्छ ।

झ) खेलकुद विकास कोष भन्नाले देउमाई नगरपालिकाको खेलकुद विकास कोष भन्ने सम्झनु पर्छ ।

ञ) खेलाडी विवरण भन्नाले टिम क्लब, संघ,संस्थाहरुले आप्नो टिम,क्लब संघ संस्थामा आबद्ध भनि प्रमाणित गरि प्रत्येक महिना नगरपालिकामा पेश गरेको विवरण भन्ने सम्झनु पर्छ ।

ट) खेलकुद पदाधिकारी भन्नाले खेलकुद सम्बद्ध समिति, उप समितिका पदाधिकारी भन्ने सम्झनु पर्छ

## परिच्छेद २
## उद्धेश्य

### ३. नगर खेलकुद समितिका उदेश्यहरु :

क) नगरको कला, संस्कृति र खेलकुदको विकास प्रतिष्ठा वृद्धिमा खेलकुदको माध्यमले सहयोग पुर्याउने,

ख) नगर भित्रको खेलकुद प्रतियोगिता संचालन गर्न तथा वृद्धिमा खेल प्रशिक्षण निकाय वीच समन्वय गरी खेल विकास गर्न सहयोग गर्न सहयोग गर्ने ।

ग) स्वास्थ्य प्रतिस्प्रर्धाको भावना जागृत गराई देशभक्त , स्वाभिमानी, समाजप्रति उत्तरदायी, अनुशासित, परिश्रमी,नैतिकवान, जागरुक र परिवर्तन प्रति सचेत नागरिक तयार गर्ने ।

घ) टोल,चोक र सडक  आदिलाई स्वच्छ र सफा राख्न खेलकुद संघसंस्थालाई परिचालन गर्ने ।

ङ) खेलकुदको माध्यमबाट नगरवासीहरुलाई नागरिक भावानप्रति सचेत गराउने,

च) खेलकुदमा महिला सहभागीता अभिबृद्धि गर्न प्रोत्साहन गर्ने ।

ज) खेलकुद गतिविधिहरुलाई संस्थागत रुपमा विकास गर्दै लैजाने ,

झ) बौद्धिक श्रम गर्ने विधार्थी, शिक्षक र बुद्धिजिवीहरुलाई समेत शारीरिक व्यायाम खेलकुद व्यवस्थागर्न सहयोग पु¥याउने ।

ञ) देउमाई नगरपालिका भित्रबाट राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा समेत प्रतिस्पर्धा गर्न सक्ने योग्य खेलाडीहरु उत्पादन गर्नुका साथ साथै अन्तर्राष्ट्रिय क्षेत्रमा समेत देशको प्रतिष्ठा बढाउने ,

ट) टिम, क्लब संघ, संस्था, विषयगत खेल प्रशिक्षण समिति, वडा स्तरिय खेलकुद समितिहरुको व्यवस्थापन गर्ने गराउने ,

ठ) नगरपालिका अर्न्तगतका शैक्षिक संस्थाहरुमा खेलकुद प्रशिक्षकहरुको व्यवस्थागर्न प्रोत्साहन गर्ने ।

ड) नगर खेलकुद समिति अर्न्तगत प्रशिक्षकहरुलाई स्तरिकरण गर्ने तालिमको व्यवस्थागर्ने ,

## परिच्छेद ३
## नगर खेलकुद समितिको गठन र बैठक कार्यविधि

नगरकार्यपालिकाले देहाय बमोजिमको पदाधिकारी रहने गरी एक नगर खेलकुद समिति गठन गर्न सक्नेछ ,

क) नगर प्रमुखको अध्यक्षतामा देहाय बमोजिमको समिति रहनेछ,

ख) नगर प्रमुख : अध्यक्ष

ग) कार्यपालिका सदस्यमहिला सहित ४ जना : सदस्य

घ) नगर प्रमुखले तोकेको अधिकृत स्तरको कर्मचारी : सदस्य सचिब

५. नगर खेलकुद समितिको बैठक आवश्यक्ता अनुसार बस्नेछ ।

६. अध्यक्षको काम कर्तव्य र अधिकार :

क) नगर खेलकुद समितिको बैठकको अध्यक्षता गर्ने र निर्णय कार्यान्वयन गर्ने मुख्य उत्तरदायित्व अध्यक्षको हुनेछ ।

ख) खेलकुद प्रतियोगिताहरुको वार्षिक कार्ययोजना तयार गरि आयोजना संचालन तथा व्यवस्थापन गर्ने, गराउने ।

ग) राष्ट्रिय, अन्तराष्ट्रिय स्तरमा हुने खेलकुदको प्रतियोगिताहरुमा उप समिति गठन गरि प्रतिनिधित्व गर्ने ।

घ) नगर खेलकुद समितिको वैठक वस्न नसकेको अवस्थामा नगरपालिकामा गर्नु पर्ने सम्पुर्ण सिफारिसहरु गर्ने ,

ङ) समितिले तोकेका अन्य कार्यहरु गर्ने, गराउने ।

६. सदस्य सचिवको काम कर्तव्य र अधिकार :

क) वैठकको पत्रचार गर्ने, अभिलेख राख्ने, निर्णय कितावको सुरक्षा गर्ने र अध्यक्षको आदेशानुसार बैठकको लागि आवश्यक विषय सूचि र सामाग्री जुटाउने ।

ख) बैठक माइन्युटिङ्ग उठाउने र बैठक संचालन सम्बन्धी आवश्यक काम गर्ने ।

## परिच्छेद ४ :

## खेलकुद प्रतियोगिता व्यवस्थापन

८. नगर खेलकुद समिति आफैले वा नगरपालिकमा दर्ता भएका टिम, क्लबहरु मार्फत विभिन्न खेदकुद प्रतियोगिता संचालन गर्न वा गराउन सक्नेछ ।

९. नगर खेलकुद समिति आफैले वा नगरभित्रका टिम,क्लबहरु मार्फत राष्ट्रिय र अन्तर्राष्ट्रिय टिमसंग मेत्रीपूर्ण खेलकुद प्रतियोगिताको आयोजना गर्ने वा गराउन सक्नेछ ।

१०. सल्लाहकार समितिको गठन :

नगर खेलकुद समितिले आवश्यकता अनुसार सल्लाहाकार समितिको गठन गर्न सक्नेछ ।

## परिच्छेद ५ :

## नगर क्षेत्रभित्रको टीम, क्लब र संघ संस्थाहरुको दर्ता र व्यवस्थापन

११. देउमाई नगरपालिका भित्रका टीम,क्लब, समिति र संघ र संस्था आदिले नगर खेलकुद समितिको उद्देश्य नीति, नियमलाई पालना गरि खेलकुद विकास गर्न चाहेमा नगर सभाले पारित गरेको राजश्व तथा करका दर बमोजिम वडाको सिफारिसका आधारमा माग गर्नु पर्नेछ ।

१२. दर्ता भएका टीम, क्लब, पुस्तकालयले जुन सुकै प्रतियोगिता गर्नु भन्दा अगाडी नगर खेलकुद समितिबाट स्वीकृत लिनु पर्नेछ।

१३. दर्ता र नविकरण गर्नुभन्दा पहिले नगर खेलकुद समिति वा समितिले तोकेको प्रतिनिधिद्धारा सम्बन्धित ठाउँको निरीक्षण गर्नु पर्नेछ।

१४. नगर खेलकुद समितिमा दर्ता भएका टीम क्लब, संघ संस्थाहरुले नगर खेलकुद समितिको उद्धेश्य अनुसार खेलकुद प्रतियोगिता संचालन गर्न सहयोग माग गरेको खण्डमा आयोजक समितिलाई नगर खेलकुद समितिको सिफारीसमा नगरपालिकाबाट निम्नानुसार आर्थिक सहयोग उपलब्ध गराईनेछ।

क) वडा व्यापी प्रतियोगितको लागि - वर्षमा १ पटक) बढीमा रु ५०००। देखी रु १००००। सम्म,

ख) नगर व्यापी प्रतियोगिताको लागि - वर्षमा १ पटक) बढीमा रु १००००। देखी रु २००००। सम्म,

ग) जिल्ला व्यापी प्रतियोगिताको लागि - वर्षमा १ पटक) बढीमा रु २५०००। देखी रु ५००००। सम्म,

घ) प्रादेशिक, राष्ट्रिय वा अन्तराष्ट्रिय प्रतियोगिताको लागि - वर्षमा १ पटक) रु ५००००। देखी रु १०००००। सम्म ,

ङ) नगरको परिचय तथा कला पर्यटन र साहित्य साथै संस्कृतिमा विशेष योग्दान पुऱ्याउने, सभा सम्मेलन, तथा प्रतियोगिताहरुको सम्बन्धमा उपयुक्त ढंगबाट सहयोग पुऱ्याउन नगरपालिका समक्ष सिफारीस गरी सक्दो आर्थिक सहयोग उपलब्ध गराईने,

१५. नगर खेलकुद समिति अर्न्तगत प्रत्येक वडामा खेलकुद समिति गठन गरिनेछ,

१६. नगर खेलकुद समितिले टिम दर्ता निवेदन फाराम, नविकरण फाराम, प्रशिक्षक वा प्रशिक्षार्थी फाराम,परिचय पत्र, दर्ता प्रमाणपत्र आदिको ढाँचा निर्धारण गरि लागु गर्नेछ।

१७. नगर भित्र दर्ता भएका तथा खेलाडीद्धारा नगर वाहिर जुन सुकै स्तरको प्रतियोगितामा सामेल भई विजेता भएमा प्राप्त गरेको पुरस्कार रकममा सत प्रतिशत थप गरी जम्मा हुन आएको कूल रकम मध्ये ३० प्रतिशत कट्टा गरी खेलाडी प्रोत्सहान कोष खडा गरी वांकी रहेको रकम खेलाडीहरुलाई दामासाही ढंगले वितरण गरिनेछ,

१८. खेलाडी प्रोत्सहान कोषमा जम्मा भएको रकमले आवश्यक्ता अनुसार खेलाडीको क्षमता विकास र व्यवस्थापनको लागि नगर खेलकुद समितिले सिफारीस गरे बमोजिम खर्च गरिनेछ, ।

## परिच्छेद ६ :

## खेलकुद गोष्ठी, सभा, कार्यक्रम व्यवस्था

१९. नगरपालिकाले राष्ट्रिय, अन्तर्राष्ट्रिय खेलाडी, प्रशिक्षक टीमहरुलाई स्वागत कार्यक्रम गर्न सक्नेछ।

२०. खेलकुद विकासका लागि सभा सम्मेलन, गोष्ठी गर्ने वा गराउन सक्नेछ।

२१. राष्ट्रिय तथा अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा पदक तथा पुरस्कार प्राप्त गर्न सफल एवं अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा सहभागी भएका खेलाडी वा प्रशिक्षकको सम्मान बधाई तथा अभिनन्दन कार्यक्रम आयोजनागर्न सक्नेछ।

२२. देउमाई नगरको कला, संस्कृति र खेलकुद विकासको लागि आवश्यक्ता अनुसार टीम, क्लब, संघ संस्थाका प्रतिनिधिहरुको ऱ्याली वा बैठक बोलाउन सक्नेछ।

## परिच्छेद७ :

## खेलकुद प्रतियोगिता -व्यवस्थापन

२३. अन्तर नगरपालिका लगायत विभिन्न प्रादेशिक, राष्ट्रिय, अन्तर्राष्ट्रिय प्रतियोगिताहरुमा समितिमा आवद्ध टीम, क्लब, संघ संस्था वा विद्यालय वा कलेजलाई सहभागी गराईनेछ ।

२४. नगरपालिकाले निर्णय गरे बमोजिम सहभागी हुन जाने टीमको खेलाडी वा प्रशिक्षक र व्यवस्थापकलाई निम्नानुसार सुविधा प्रदान गरिनेछ ।

१. जिल्ला भित्रका अन्तरपालिका स्तरको खेलमा भाग लिन जानेको हकमा :

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहनका लागि हुने खर्च उपलब्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रति लिन रु ३०० का दरले प्रोत्सहान भत्ता उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशाकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढमिा वार्षिक रु ३०००। सम्मको सुविधा दिन सक्नेछ ।

२. जिल्ला बाहिर अन्तर्राष्ट्रिय वा राष्ट्रिय स्तरको खेलमा भाग लिन जाने हकमा :

क) प्रतियोगितामा भाग लिन जाँदा खान, बस्न र पारवहानका लागि खर्च उपलब्ध गराईनेछ ।

ख) प्रतियोगिता खेल अवधिभर बढीमा दुई हप्ताका लागि खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई प्रति दिन रु ५००। का दरले प्रोत्सहान भत्ता बापत उपलब्ध गराईनेछ ।

ग) खेलकुद पोशााकको हकमा प्रति खेलाडी, प्रशिक्षक र व्यवस्थापकलाई बढीमा बार्षिक रु ३०००। सुविधा दिन सक्नेछ ।

घ) प्रतियोगितामा जान आउन सम्भव भए सम्म स्थल मार्ग र सार्वजनिक यातायातको प्रयोग गर्नुपर्नेछ ।

## परिच्छेद -८ :

## तालिम तथा प्रशिक्षण व्यवस्थापन :

२५.नगर खेलकुद समितिले खेलकुद विकास र खेलाडीको स्तरवृद्धि गर्नका लागि आवश्यक्ता अनुसार विभिन्न खेलहरुको तालिम र प्रशिक्षण दिनेछ ।

२६. प्रशिक्षार्थीहरु प्रशिक्षणमा समावेश हुन नगर खेलकुद समितिका प्रतिनिधि र वडाध्यक्षको सिफारीस सहित नगर खेलकुद समितिको निर्धारित फाराम बुझाई आवेदन दिनु पर्नेछ ।

२७. प्रशिक्षार्थीहरुले फाराम शुल्क रु १०। मासिक शुल्क रु ५०। बुझाई खेलाडी परिचय पत्र लिनु पर्नेछ र भर्ना शुल्क रु २००। लग्नेछ ।

२८. प्रशिक्षणमा सहभागी टिम -क्लब, विद्यालयहरु भएको हकमा ६ देखी १२ जना सम्मको प्रशिक्षार्थी संख्या हुनु पर्ने र फाराम शुल्क रु १०, दर्ता शुल्क रु ५००। लगनेछ ।

२९. कुनै खेल प्रशिक्षणको लागि सम्झौता अनुसार सुविधा पाउने गरी बढीमा एकजना प्रशिक्षक र एकजना सहायक प्रशिक्षक सेवा करारमा नियुक्ति गर्न सकिनेछ । यसरी नियुक्ति भएका प्रशिक्षक र सहायक प्रशिक्षकलाई नगर खेलकुद समितिले तोके बमोजिम सेवा सुविधा उपलब्ध गराईनेछ ।

३०. कुनै पनि खेलको प्रशिक्षण अवधि एक पटकमा बढीमा १ बर्षको लागि हुनेछ ।आवश्यक्ता अनुसार म्याद थपघट गदै जानेछ ।

३१. प्रशिक्षार्थी खेलाडीको लागि आवश्यक सामानको हकमा व्यक्तिगत प्रयोगको सामान आफैले जुटाउनु पर्नेछ ।

३२. प्रशिक्षकले आवश्यक सामानको सूचितयार गरी नगरपालिकामा माग गर्ने, खेलाडीबाट मासिक शुल्क उठाउन, प्रशिक्षण सामाग्री अभिलेख राखी हिफागत गर्ने , प्रशिक्षार्थीलाई नियमित अनुशासनमा राख्ने र पाकेज प्रोग्राम र प्रगति प्रतिवेदन तयार गरी पेश गर्ने जिम्मा लिनु पर्नेछ ।

३३. प्रशिक्षकले हप्ताको ६ दिन हुने गरी कम्तिमा दिनको दुई घण्टा खेलाडीहरुलाई प्रशिक्षण कार्य गर्नुपर्नेछ ।

३४. स्थगित गरिएको प्रशिक्षण कार्यलाई पुन संचालन गर्न आवश्यक व्यवस्था भएको सूचना मिलेमा नगर खेलकुद समितिको निर्णय अनुसार खेल प्रशिक्षण कार्यलाई निरन्तरता दिनेछ ।

३५. कुनै खेल प्रशिक्षणमा विशेष व्यवस्था वा थप प्रशिक्षक वा सुविधा आवश्यक भएमा नगरपालिकालाई अनुरोध गरी स्वीकृत भए अनुसार गरिनेछ ।

## परिच्छेद ९ :

## नगर खेलकुद विकास कोषको व्यवस्था

३६. खेलकुद सम्बन्धि तालिम, प्रशिक्षण, प्रतियोगिता लगायतका क्रियाकलापका लागि देउमाई नगरपालिकामा नगर खेलकुद विकास कोषको व्यवस्था गरिनेछ ।

३६. कोषकाश्रोतहरु देहाय बमोजिम हुनेछन :

क) नेपाल सरकार, राष्ट्रिय खेलकुद परिषद, प्रदेश सरकार, जिल्ला खेलकुद विकास समिति र अन्तराष्ट्रिय संस्था वा कुनै व्यक्तिबाट प्राप्त हुन सक्ने नगद,

ख)विभिन्न प्रतियोगिता वा कार्यक्रम आयोजना गरी संकलन भएको रकम,

ग) खेल प्रशिक्षण अवधिभर उठेको आवेदन शुल्क मासिक प्रशिक्षण शुल्क र भर्ना रकम,

घ) नगर भित्रका टीम, क्लब दर्ता आवेदन शुल्क नविकरण शुल्क, फाराम शुल्क,

३८. यस कोषको संचालन नगर खेलकुद समितिको निर्णय अनुसार हुनेछ ।

## परिच्छेद १० :

## खेलकुद पुर्वाधार निर्माण तथा मर्मत

३९. कुनै खेल प्रशिक्षणमा प्रयोग हुने सामानहरुको सामान्य जडान तथा मर्मत गर्न सम्बन्धित प्रशिक्षकले नै व्यवस्था गर्नु पर्नेछ ।

४०. विशेष तरिकाले मर्मत गर्न सम्बन्धित प्राविधिक कहाँ लानु पर्ने भएमा प्रशिक्षकको माग अनुसार नगर खेलकुद समितिले कोषबाट मर्मत सम्भार गर्नेछ । तर रकम अपुग भएमा कोषबाट खर्च गर्न नसकिने भएमा समितिले नगरपालिकामा सिफारीस सहित मर्मत सम्भारका लागि पठाउनु पर्नेछ ।

४१. खेलकुद पुर्वाधार (स्टेडियम, खेलकुद भवन, मैदान, ट्याक आदी) को व्यवस्थागर्न नगर खेलकुद समितिको निर्णयनुसार माग भई आएमा नगरपालिकाले यस्तो पुर्वाधारको निर्माण अधिकतम सहभागिताको आधारमा गर्नेछ ।

## परिच्छेद ११ :
## विषयगत खेल प्रशिक्षण समितिको व्यवस्था

४२. नगर खेलकुद समितिको मातहतमा रहने गरी खेल प्रशिक्षण, सैद्धान्तिक कक्षा संचालन र दक्ष अनुशासित खेलाडी तयार गर्ने कार्यमा सम्बन्धित खेल प्रशिक्षकहरुलाई आवश्यक निर्देशन, सल्लाह र सहयोग गर्न आवश्यकता अनुसार विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ । विषयगत खेल प्रशिक्षण समिति सम्बन्धि अन्य व्यवस्थाहरु देहाय बमोजिम हुनेछन :

क) नगर खेलकुद समितिले तोकेको संयोजकको अध्यक्षतामा सम्बन्धित खेल प्रशिक्षक रहने गरि ३ देखी ५ सदस्य रहने गरी विषयगत खेल प्रशिक्षण समिति गठन गरिनेछ ।

ख) यस समितिले विषयगत खेल प्रशिक्षण, संचालन, रेखदेख, निरिक्षण, नियन्त्रण र व्यवस्थापन गर्नेछ ।

ग) यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आर्कषण
बढाउने कार्य गर्नेछ ।

ग) यस समितिले सम्बन्धित खेलकुद प्रति जनमानसको आर्कषण बढाउने कार्य गर्नेछ ।

घ) प्रशिक्षणको लागि आवश्यक सामाग्री जुटाउन मद्धत गर्नेछ ।

ङ) प्रशिक्षण केन्द्रबाट संचालन हुने ग्रेडिङ, प्रतियोगिता, गोष्ठी र कक्षा संचालनमा सहयोग गर्नेछ ।

च) प्रशिक्षण केन्द्रमा धार्मिक, साम्प्रदायिक एवं अन्य खराब दुर्व्यसन आदिबाट प्रशिक्षण कार्यको वातावरण धमिल्याउन नदिने तरिकाबाट प्रशिक्षण कार्य अघि बढाउनेछ ।

छ) नगर खेलकुद समितिको नीति, नियम र निर्देशनलाई पालना गर्ने र गराउनेछ ।

ज) प्रशिक्षार्थीलाई अन्य संस्थाबाट खेल्ने अनुमति र प्रशिक्षकलाई अन्य संस्थामा प्रशिक्षण कार्य वातवरण धमिल्याउन नदिने तरिका बाट प्रशिक्षण कार्य बढाउनेछ ।

झ) यस समितिको वैठक संयोजकले तोकेको मिति, स्थान र समयमा आवश्यक्ता अनुसार बस्नेछ ।

ञ) नगर खेलकुद समितिको निर्देशानुसार सम्बन्धित खेलको लागि वार्षिक कार्य तालिका बनाउनु पर्नेछ ।

ट) अनुशासनको कारवाहीगर्ने क्रममा गल्ती हेरी स्पष्टिकरण, चेतावनी वा निलम्बन गर्न सक्नेछ । तोकेको अवधिमा पनि आचरण सुधार नभएमा निष्कासन गर्न सक्नेछ ।
ठ) अनुशासनको कारवाहीगर्ने क्रममा सम्बन्धित व्यक्तिलाई सफाई पेश गर्ने मौका दिईनेछ । तर प्रशिक्षणमा समितिको प्रतिवेदन माथि नगर खेलकुद समितिले गरेको निर्णयनै अन्तिम हुनेछ ।
ड) नगर खेलकुद समितिको निर्णयनुसार आवश्यक थपघट वा संशोधन सुधार गर्न सकिनेछ ।

## परिच्छेद १२ :

## अनुशासनको कारवाही, दण्ड, सजाय, र पुरस्कार

४३. अनुशासनको कारवाही:

खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापक समेतले विषयगत खेलको आचार संहिता लगायत खेल अनुशासनमा रहनु पर्नेछ । कसैले अनुशासन र आचार संहिता उलंघन गरेमा विषयगत खेल प्रशिक्षण समितिले पहिलो पटकलाई चेतावनी दिन सक्नेछ । तर एक वर्षमा तीन पटक भन्दा बढि चेतावनी पाई सकेको खेलाडी, प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई एक वर्ष सम्म कुनै पनि खेलकुद प्रतियोगिता,प्रशिक्षण, व्यवस्थापनमा सहभागि हुन नपाउने गरी विषयगत खेल प्रशिक्षण समितिको सिफारीसमा नगर खेलकुद समितिले निलम्वन गर्न सक्नेछ ।

४४.वर्षभरीका उत्कृष्ट खेलाडी,प्रशिक्षक, प्रशिक्षार्थी, व्यवस्थापकलाई नगर खेलकुद समितिको सिफारिसमा नगरपालिकाबाट नगद पुरस्कार तथा सम्मान गरिनेछ ।

हेटौंडा नगरपालिका

आज्ञाले,

प्रेमप्रसाद दाहाल
प्रमुख प्रशासकिय अधिकृत

हेटौंडा नगरपालिका